
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ५९ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १३ असार २०८२ | आषाढ शुक्लपक्ष द्वितीया नेपाल संवत् ११४५ | FRIDAY, JUNE 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# सिन्धुपाल्चोकका १७,००० नागरिक जोखिममा, पानी पर्दा सुत्नै सक्दैनन्

कहिले पहिरो, कहिले भूकम्प त कहिले बाढी। प्राकृतिक विपद्का कारण सिन्धुपाल्चोकले बर्सेनि ठूलो धनजनको क्षति व्यहोरिरहेको छ। यो वर्ष त चीनको तिब्बती क्षेत्रमा अत्यधिक वर्षा हुन सक्ने भन्दै गत साता सिन्धुपाल्चोक प्रशासनलाई पत्राचार नै गरिसक्यो। भूकम्पले थिलोथिलो बनेको सिन्धुपाल्चोकवासी ठूलो वर्षाको डरले त्रसित छन्। जिल्ला विपद् व्यवस्थापन समितिले १७ हजार बासिन्दा जोखिममा रहेको आकलन गरिसकेको छ। त्यसैकारण जिल्लामा हुन सक्ने विपद् जोखिम न्यूनीकरणका लागि सरकार उसका संयन्त्रहरू बेलैमा चनाखो भएर काममा खट्नुपर्ने अवस्था देखिएको छ।

सुन्दर शिरीष | *सिन्धुपाल्चोक*

- को रिपोर्ट

समाचार पृष्ठ २

२०७७ सालमा सिन्धुपाल्चोकको जुगल गाउँपालिका-२ लिदीमा गएको पहिरो। ● अन्नपूर्ण फाइल

## अमेरिकी अर्थतन्त्रमा पहिलो त्रैमासमा अपेक्षाभन्दा गिरावट



**वासिङटन** (एजेन्सी): अमेरिकी अर्थतन्त्र सन् २०२५ को पहिलो ३ महिनामा अघिल्लो अनुमानभन्दा बढी घटेको सरकारी तथ्यांकले देखाएको छ। अमेरिकी वाणिज्य विभागले बिहीबार सार्वजनिक गरेको विवरणअनुसार, पहिलो त्रैमासिकमा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वार्षिक दरमा ०.५ प्रतिशतले घटेको हो।

यसअघि ०.२ प्रतिशतको गिरावट हुने अनुमान गरिए पनि हालको तथ्यांकले त्यसलाई परिमार्जन गर्दै संकुचन अझ गहिरो भएको देखाएको छ। गत वर्षको अन्तिम त्रैमासमा अमेरिकी अर्थतन्त्र २.४ प्रतिशतले वृद्धि भएको थियो। जीडीपी घट्नुमा उपभोग खर्च र निर्यात अपेक्षाभन्दा कमजोर हुनु मुख्य कारण मानिएको छ। साथै, राष्ट्रपति डोनाल्ड ट्रम्पले पुनः कार्यभार सम्हालेपछि लगाइएका व्यापक भन्सार शुल्कका कारण आयातमा तीव्र वृद्धि भएको छ। व्यापारिक साझेदारहरूबाट आयातमा लाग्ने नयाँ कर लागू हुनुअघि व्यापारीहरूले ठूलो मात्रामा सामग्री आयात गरी भण्डारण गरेकाले यो असर देखिएको हो।

जीडीपीको गणनामा आयात नकारात्मक रूपमा गनिन्छ, जसका कारण सरकारी खर्चमा गिरावट र उपभोगमा कमजोरीसँगै समग्र अर्थतन्त्रमा घटबढ देखिएको हो। वाणिज्य विभागका अनुसार, हालको परिमार्जित अनुमानले उपभोग खर्च र निर्यातमा गिरावट देखाएको छ, यद्यपि आयातको गिरावटले केही हदसम्म त्यसको असरलाई न्यून तुल्याएको छ।

हाल अमेरिकी प्रशासनले अधिकांश व्यापारिक साझेदारहरूबाट आउने सामानमा १० प्रतिशत भन्सार कर घोषणा गरिसकेको छ, जुन अझै कार्यान्वयनको चरणमा पुगेको छैन। तर, जुलाईमा सो निर्णय कार्यान्वयन हुने सम्भावना भएकाले बजारमा अनिश्चितता बढेको छ। राष्ट्रपति ट्रम्पले स्टिल, एल्युमिनियम र सवारीसाधन आयातमा समेत उच्च कर लगाएका छन्। यस्ता कदमहरूले बजारमा अस्थिरता ल्याउनुका साथै आपूर्ति प्रणालीमा बाधा र उपभोक्ताहरूको मनोबलमा गिरावट ल्याएको अर्थविद्हरूको भनाइ छ।

# बायो-इन्जिनियरिङ विधिबाट तटबन्धन

## खोला कटानको समस्या हटेपछि त्रासमुक्त स्थानीय

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

वीरेन्द्रनगर-१ आँपखोली किनारमा छ, बाबुराम नेपालीको घर। खहरेखोलाले बर्सेनि कटान बढाउँदै लगेकाले हरेक वर्ष बर्खाका बेला बाबुरामको परिवार चिन्तित हुन्थ्यो। खोलाले घरै बगाउने हो कि भन्ने चिन्तामा परिवार हुन्थ्यो। तर, तटबन्धपछि बाबुरामको परिवार ढुक्कले सुत्न पाएको छ। मनसुन भित्रिएपछि आँपखोलीको त्रासबाट मुक्ति पाउनेमा करिब एक सय घरधुरी छन्।

०७१ साउन २९ मा आएको भीषण बाढीले आँपखोली किनारका ९ घरमा क्षति पुर्‍याएको थियो। त्यस बेलादेखि यो बस्तीका परिवार बर्खामा सधैं तनावमा हुन्थे। स्थानीय सीता खड्काले तटबन्धनका कारण खोला कटानको जोखिम हटेको बताइन्।

'बर्खाका बेला घरमा बाढी पस्ने हो की भन्ने त्रास हुन्थ्यो, तटबन्धन गरिएपछि ढुक्कले राति सुत्न पाइएको छ, उनले भनिन्, 'कटानको त्रासबाट मुक्ति पाउँदा हामीले शान्तिको सास फेर्न पाएका छौं।' वीरेन्द्रनगर नगरपालिकाले दातृ संस्थाको सहयोगमा बायो इन्जिनियरिङ विधिबाट बाढी नियन्त्रणका लागि आँपखोली तटबन्धन निर्माण गरेको हो। तटबन्धनबाट ३ सय ८४ घरधुरी लाभान्वित भएका छन्। वीरेन्द्रनगर-१ आपँखोलीस्थित लालीगुराँस टोल विकास संस्थाका नरजित नेपालीले आँपखोली र बांगेसिमल खोलामा अझैं तटबन्धको योजना आवश्यक रहेको बताए।



सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–१ स्थित आँपखोलीमा गरिएको तटबन्धन। ● बिस्नप्रसाद न्यौपाने

वीरेन्द्रनगर नगरपालिकाले आँपखोलीका साथै बाढी नियन्त्रणका लागि इत्रामखोला तटबन्धन, पर्सेनी खोला निकासमा तटबन्धन, गाग्रेताल ताउले दहमा पानीको मुहान संरक्षण कार्य सम्पन्न गरेको छ। पर्सेनी खोलामा पनि बायोइन्जिनियरिङ विधिबाट तटबन्धन गरिएको हो। नगरपालिकाका वातावरण तथा विपद् शाखा प्रमुख यामलाल गिरीले नगर क्षेत्रभित्रका जोखिमयुक्त अधिकांश खोला नालाकिनारमा तटबन्धन गरिएको जानकारी दिए। इत्रामखोला तटबन्धनबाट करिब १ सय ५० घरधुरी लाभान्वित भएका छन्। स्थानीय शान्ति नेपालीले तटबन्धन र पक्की पुल बन्दा विकासको अनुभूति भएको बताइन्।

'तटबन्धनले कटान रोकेको छ, खोला बढेर बाढी बस्तीभित्र पस्नबाट रोकिएको छ,' उनले भनिन्। वीरेन्द्रनगरको मध्यभाग हुँदै बगिरहेको सो खोलाको आसपासका बस्तीमध्ये अधिकांश विपन्न दलित समुदायका छन्।

बाढी र डुबानको उच्च जोखिममा रहेको वीरेन्द्रनगर ९ तल्लो पर्सेनीमा तटबन्धन निर्माणसँगै विपद्को सूचना दिने साइरन पनि जडान गरिएको छ। 'रिमोटबाट चल्ने साइरनले बाढीको पूर्वसूचना दिई स्थानीयलाई सुरक्षित रहन मद्दत पुग्नेछ', शाखा प्रमुख गिरीले भने, 'स्थानीयलाई लाइफ ज्याकेट वितरण, विपद् पूर्वसूचना प्रणाली व्यवस्थापन र प्रतिकार्य योजनाबारे प्रयोगात्मक तालिमहरू प्रदान गरिएको छ।'

» बाँकी पृष्ठ ६

## इजरायललाई बचाउन अमेरिका युद्धमा होमियो : खामेनी

**तेहरान** (एजेन्सी) : इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीले राष्ट्रलाई सम्बोधन गर्ने भएका छन्। अमेरिकाले इरान र इजरायलबीच युद्धविरामको घोषणा गरेपछि उनले पहिलो पटक राष्ट्रलाई सम्बोधन गर्ने भएका हुन्। अयातोल्लाह अली खामेनीले इरानी जनतालाई इजरायलमाथिको विजयका लागि बधाई दिएका थिए। उनले लेखेका छन्, 'म झुटा यहुदी शासनमाथिको विजयका लागि इरानलाई बधाई दिन्छु।'

उनले अमेरिका प्रत्यक्ष युद्धमा प्रवेश गरेको पनि बताए। आफू प्रत्यक्ष युद्धमा प्रवेश नगरे इजरायल पूर्णरूपमा ध्वस्त हुने कुरा अमेरिकालाई लागेको खामेनीले बताए। खामेनीले भने, 'अमेरिकाले यस युद्धबाट केही पनि प्राप्त गरेन र इरान विजयी भएको छ। इरानले अमेरिकाको अनुहारमा कडा थप्पड हानेको छ।' उनले करिब ९ करोड जनसंख्या भएको देश सशस्त्र सेनाको समर्थनमा काँधमा काँध मिलाएर उभिएको बताए। उनले भने, 'तेस्रो बधाई, इरानी राष्ट्रको एकताका लागि।' खामेनीले इरानी राष्ट्रले आफ्नो अद्वितीय चरित्र प्रदर्शन गरेको बताए। आवश्यक पर्दा राष्ट्रको एउटै आवाज हुने देखाएको उनले बताए।

# भारतमा बन्धक बनाइएका ५७ जना स्वदेश आइपुगे

**महादेव अवस्थी** | *महेन्द्रनगर*

काम- सामान प्याकिङ गर्ने। तलब- महिनाको १८ हजार भारतीय रुपैयाँ। राम्रै कमाइ हुने आश्वासनपछि कैलालीको चुरे गाउँपालिकाका मानबहादुर विक भारततर्फ लागे। नजाऊन पनि किन? विकलाई दाइ नाता पर्नेले नै बोलाएका थिए। त्यसपछि सुन्दर भविष्यको कल्पनासहित विक भारतको काशीपुर पुगे। तर, उनलाई काम दिइएन। प्याकिङको काम सिक्नका लागि 'ट्रेनिङ' लिनुपर्ने सर्त राखियो। त्यसका लागि २३ हजार शुल्क तिनुपर्ने भनियो। कमजोर आर्थिक अवस्थाका उनले ट्रेनिङ शुल्कका लागि घर धितो राखेर ऋण निकाले। ट्रेनिङको पैसा तिरे। तर, काम पाएनन्। उल्टै बन्दी बनाइयो।

'घरको आर्थिक अवस्था कमजोर भएकाले रोजगारीका लागि काशीपुर गएँ, मानबहादुरले भने, 'त्यहाँ गएपछि पहिला क्लास लिनुपर्छ त्यसपछि काम पाइन्छ भन्यो। घर धितो राखेर २३ हजार रुपैयाँ तिरेर क्लास लिएँ। तर काम दिएनन्। उल्टै बन्धक बनाएर राखे।'

आफन्त तथा साथीभाइले बोलाएपछि भारतको काशीपुरमा रोजगारीका लागि पुगेका मानबहादुर जस्तै ५७ जना नेपाली युवालाई काम दिनुको सट्टा बन्धक बनाएर राखिएको थियो। उद्धारपछि गड्डाचौकी नाकाबाट नेपाल प्रवेश गरेका उनीहरूका पीडा र दुःख बग्रेल्ती थिए। उनीहरूलाई वीरेन्द्र शाहीलगायतको 'नेटवर्क' ले भारत बोलाएर रकम असुल्न बन्धक बनाएको थियो। इलामको माई नगरपालिका-८ का सौगात लिम्बू पनि रोजगारीको आशामा काशीपुर पुगेका थिए। 'मेरो काकाको आईडीबाट कम्प्युटरमा डाटा इन्ट्री र प्याकिङको काम छ भनेर बोलाइएको थियो', सौगातले भने, 'तर मेरो काकालाई नै त्यो विषयमा जानकारी रहेनछ। काकाको आईडी खोलेर मलाई फँसाइएको रहेछ।' काशीपुर पुगेपछि काकासँग भेट गर्न नदिएको सौगातले बताए। '१०/१२ दिन ट्रेनिङ चल्छ भनेर नेपाली ५० हजार रुपैयाँ मागे। कोठाबाट कहीँ जान दिइएन', उनले भने, 'न आफन्तलाई भेट्न दिए, न त राम्रोसँग खानसमेत दिए।' सौगातको मोबाइल फोनसमेत उनीहरूले खोसेर राखेका थिए।



भारतबाट उद्धार गरेर ल्याइएका नेपाली युवा गड्डाचौकी नाका भएर नेपाल फर्किंदै। ● महादेव अवस्थी

भारतमा बन्धक बनाइएका विभिन्न जिल्लाका ५७ जना नेपाली युवाहरूको 'किन इन्डिया'ले स्थानीय प्रहरीको सहयोगमा उद्धार गरेको थियो। नेपालीलाई बन्धक बनाइएको घरमा छापा हानेर उद्धार गरिएको किन इन्डियाका प्रतिनिधि नवीन जोशीले बताए। 'एक महिनाको अभियानमा बन्धक बनाएर राखिएका ५८ जनाको उद्धार गरेका छौं, जसमध्ये ५७ जनालाई नेपाल पठाइएको हो', जोशीले भने, 'रोजगारीको प्रलोभनमा भारतमा बोलाएर प्रतिव्यक्ति रु. २५ हजारसम्म रकम असुल गर्ने र बन्धक बनाएर यातना दिने गरेको पाइयो।'

केही महिनाअघि ताप्लेजुङका सोम लिम्बूको मृत्युपछि आकर्षक रोजगारीको प्रलोभनमा भारत पुगेका नेपाली युवाहरू त्यहाँ बन्धक भएको घटना बाहिर आएको थियो। त्यसपछि नेपाली दूतावास, भारतीय प्रहरी र किन इन्डियाको सहयोगमा शंकास्पद क्षेत्रमा रेकी गरी विभिन्न सेल्टरमा राखिएका ९ जना नाबालकसहित ५७ जनाको उद्धार गरिएको हो। यसरी उद्धार गरिएकामा १३ वर्षदेखि ४१ वर्षका छन्।

» बाँकी पृष्ठ ६